प्राइम लाइफ इन्स्योरेन्स

आर्थिक वर्ष २०६७/६८ को दोश्रो त्रैमासिक (पौष मसान्त) सम्मको वित्तीय विवरण

(रकम रु. हजारमा)

क्र.सं.	विवरण	लेखा परीक्षण नभएको यस त्रैमासिकसम्मको अन्तमा	लेखा परीक्षण नभएको अघिल्लो त्रैमासिकसम्मको अन्तमा	लेखा परीक्षण नभएको अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकसम्मको अन्त्यमा
	वासलात			
१	**श्रोत (१.१ देखि १.४ सम्म)**	**७१५,४१७**	**६५९,७३०**	**३९२,८२८**
१.१	चुक्ता पुँजी	३६०,०००	३६०,०००	२५२,०००
१.२	जगेडा तथा कोष	१०३,८८९	१०२,०१४	६५,५८४
१.३	जीवन बीमा कोष	२५१,५२८	१९७,७१६	७५,२४४
१.४	तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-
२	**उपयोग (२.१ देखि २.६ सम्म)**	**७१५,४१७**	**६५९,७३०**	**३९२,८२८**
२.१	स्थिर सम्पत्ती (खुद)	५५,६१३	५६,४२९	१८,१९४
२.२	दीर्घकालिन लगानी तथा कर्जा	१४,१६३	६,४७९	२५६,२६२
२.३	बीमालेखको धितोमा कर्जा	५५	१५	-
२.४	खुद चालु सम्पत्ती =(३)–(४)	६४५,५८६	५९६,८०७	११८,३७२
२.५	अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च	-	-	-
२.६	नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-
	खुद चालु सम्पत्तीको विवरण			
३	**चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु: (३.१ देखि ३.३ सम्म)**	**८४२,०४८**	**८००,७६२**	**२६१,२२९**
३.१	नगद तथा बैंक मौज्दात	९,८७२	११,२३५	३,२५०
३.२	अल्पकालिन लगानी तथा कर्जा	७२१,२६६	६९६,५८५	२२३,४१८
३.३	अन्य सम्पति	११०,९१०	९२,९४२	३४,५६१
४	**चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म)**	**१९६,४६२**	**२०३,९५५**	**१४२,८५७**
४.१	चालु दायित्व	७२,२५६	८५,०३३	६२,१७३
४.२	असमाप्त जोखिम बापत व्यवस्था	११८,४६७	११२,४८२	७८,६१९
४.३	भुक्तानी हुन बाकी दाबी बापत व्यवस्था	२,०४९	३,२५७	१,०३८
४.४	अन्य व्यवस्था	**३,६९०**	**३,१८३**	**१,०२७**
	नाफा नोक्सान हिसाब			
१	**आम्दानी (१.१ देखि १.५ सम्म)**	**१९,६२४**	**१२,९०५**	**१२,३१४**
१.१	आय व्यय हिसाबबाट सारेको	१,५३२	१,६६०	-
१.२	जीवन बीमा कोषबाट सारेको	-	-	-
१.३	लगानी कर्जा तथा अन्यबाट आय	१८,०६७	११,२३७	११,८८७
१.४	व्यवस्था फिर्ता	-	-	-
१.५	अन्य आम्दानी	२५	८	४२७
२	**व्यवस्थापन तथा खर्चहरु (२.१ देखि २.८ सम्म)**	**१०,१००**	**५,२५६**	**३,४८२**
२.१	व्यवस्थापन खर्च	८,२७७	३,९३९	२,५९९
२.२	अपलेखन खर्च	-	-	-
२.३	अन्य खर्चहरु	-	-	-
२.४	नोक्सानीको लागी व्यवस्था	८७१	५५२	-
२.५	कर्मचारी आवास व्यवस्था	-	-	-
२.६	कर्मचारी बोनस व्यवस्था	९५२	७६५	८८३
२.७	आयकर	-	-	-
२.८	जीवन बीमा कोषमा सारेको	-	-	-
	खुद नाफा/ (नोक्सान) (१–२)	**९,५२४**	**७,६४९**	**८,८३२**
	एकिकृत आय व्यय हिसाब			
१	**आय (१.१ देखि १.७ सम्म)**	**४१४,०६९**	**२५५,१०६**	**१५९,०८६**
१.१	बीमाशुल्क (खुद)	२८०,५२५	१३४,६५४	१२७,९८४
१.२	पुनर्बीमा कमिशन आय	-	-	-
१.३	लगानी, कर्जा तथा अन्यबाट आय	२१,००९	८,२८५	७,०९१
१.४	बीमालेखको धितोमा कर्जाबाट आय	१	-	-
१.५	अन्य प्रत्यक्ष आय	५४४	१७७	१४३
१.६	यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था	१,७१३	१,७१३	२,७५०
१.७	यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था	११०,२७७	११०,२७७	२१,११८
२	**व्यय (२.१ देखि २.१० सम्म)**	**३०९,७३१**	**२०४,४५५**	**१२२,३६२**
२.१	दाबी भुक्तानी (खुद)	१७,४०८	८,२१०	९,१५१
२.२	अभिकर्ता कमिशन	४२,९६७	२०,९६४	२०,५९०
२.३	स्वास्थ्य परीक्षण शुल्क	६०८	३१८	२५९
२.४	पुनर्बीमा कमिशन खर्च	-	-	-
२.५	सेवा शुल्क (खुद)	२,८०५	१,३४७	१,२८१
२.६	अन्य प्रत्यक्ष खर्च	५०,९३७	२२,४३०	९,१४९
२.७	व्यवस्थापन खर्च	७४,४९०	३५,४४७	२३,३९२
२.८	आयकर	-	-	-
२.९	यस अवधिको अन्त्यको भूक्तानी हुन बाँकी दाबी बापत व्यवस्था	२,०४९	३,२५७	१,०३८
२.१०	यस अवधिको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था	११८,४६७	११२,४८२	५७,५०२
३	**बचत (१–२)**	**१०४,३३८**	**५०,६५१**	**३६,७२४**
३.१	जीवन बीमाकोषमा सारेको	१०२,८०५	४८,९९१	३६,७२४
३.२	नाफा नोक्सान हिसाबमा सारेको	१,५३३	१,६६०	-
	अन्य विवरण			
१	कुल बीमा शुल्क आर्जन रकम	**३१६,१२७**	**१५०,८०८**	**१६९,०२६**
२	कुल कायम रहेको बीमालेखको संख्या	२७२,०३०	२५१,३३५	१६८,७४१
३	घोषित मुनाफा (बोनस) को दर	-	-	-
४	अन्तरिम मुनाफा (बोनस) को दर	-	-	-
५	कुल दाबी भुक्तानी रकम	४२,१३६	२०,१०१	२३,२०३
६	कुल दाबी भुक्तानी संख्या	९५	४५	४७
७	भुक्तानी हुन बाँकी दाबी रकम	१,७८१	२,८३२	१,१५३
८	भुक्तानी हुन बाँकी दाबी संख्या	१२	२४	९

दृष्टव्य:

१. अघिल्लो त्रैमासिकका अंकहरु आवश्यकतानुसार पूर्नवर्गिकरण गरिएको छ ।
२. उल्लेखित विवरणहरुमा नियमन निकाय तथा लेखापरिक्षण पश्चात हेरफेर हुन सक्नेछ ।
३. बीमा ऐन २०४९ अनुसार प्रत्येक तीन तीन वर्षमा बीमाङ्कीय मूल्याङ्कन गरेपश्चात मात्र बोनस दर कायम हुने ।
कारोबार प्रारम्भ मितिः २०६५/०२/२२

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनूसूची १४ (नियम २२ को उपनियम (२) संग सम्बन्धित)
आ.ब. २०६७/६८ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण: यस कम्पनीको आ.व. २०६७/६८ को दोश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी: रु.२।६५ — **मूल्य बाम्दानी अनुपात: ७५।४७**
प्रति शेयर नेटवर्थ: रु.१२८।८६ — **प्रति शेयर कुल सम्पत्तीको मूल्य: रु.२५३।३०**

२. व्यवस्थापकिय विश्लेषण:

यस कम्पनीले जनमानसमा जीवन बीमा सम्बन्धि जनचेतना जगाउन विभिन्न संचार माध्यमबाट प्रचारप्रसारलाई जोड दिएको छ । यसबाट सर्वसाधारण समेत जीवन बीमा प्रति आकर्षित भएको देखिएको छ । यस कम्पनीले संचालन गरेको आधुनिक स्तरको प्रविधियुक्त जीवन बीमा सेवालाई अधिराज्यभर पुऱ्याउने उद्देश्यले यस समिक्षा अवधिमा पनि कम्पनीको संजाल विस्तारलाई निरन्तरता दिइएको छ । नेपालीहरुको जीवन बीमा प्रतिको इच्छा तथा आकांक्षालाई मध्यनजर गरि जीवन बीमा सम्बन्धि विषेशज्ञको राय सुझाव अनुसार विभिन्न किसिमका जीवन बीमा योजनाहरु जनसमक्ष प्रस्तुत गरिएको छ । जसबाट कम्पनी आफ्नो व्यवसायिक लक्ष्य हासिल गर्न सफल भइरहेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण:

यस अवधिमा संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा कुनै मुद्धा मामिला दायर नभएको साथै यस संस्थाले वा संस्थाको विरुद्ध पनि कुनै किसिमको मुद्धा दायर भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण: यस कम्पनीको चालु आर्थिक वर्ष २०६७/६८ को दोश्रो त्रैमासिक अवधिमा भएको शेयर कारोबारको विवरण (नेपाल स्टक एक्स्चेन्ज लि. को वेवसाइट अनुसार) निम्नवमोजिम रहेको छ :

शेयरको अधिकतम मुल्य	शेयरको न्युनतम मुल्य	शेयरको अन्तिम मुल्य	कारोबार भएको जम्मा दिन	शेयर कारोबार संख्या
रु. २४२/-	रु. १९२/-	रु. २००/-	५७	९५,०००

५. समस्या तथा चुनौती:

देशको सामाजिक क्षेत्रमा जीवन बीमा सम्बन्धित जनचेतना र जीवन बीमा सम्बन्धि काम गर्ने दक्ष जनशक्तिको कमी भएको हुंदा कम्पनीको कारोबार संचालनमा केही समस्या देखिएको छ । यस्तो अवस्थामा कम्पनीले आफ्ना कर्मचारीहरुलाई आन्तरिक रुपमा बीमा व्यवसाय सम्बन्धि आवश्यक तालिम प्रदान गरी दक्ष बनाउने कार्यलाई निरन्तरता दिएको छ । नविनतम, उच्चस्तरीय र आधुनिक स्तरको प्रविधियुक्त जीवन बीमा सेवा प्रदान गर्ने, संस्थागत कुशल व्यवस्थापन तथा पारदर्शिता जस्ता नीति अवलम्वन गरी सम्बन्धित निकायको सहयोग समेत लिई व्यवसायिक संजाल विस्तार गरी आफ्नो व्यवसायिक लक्ष्य हासिल गर्न कम्पनी सफल भइरहेको छ ।

६. संस्थागत सुशासन:

बीमा समिति तथा अन्य सम्बन्धित निकायहरुबाट लागु गरिएका नीतिनियम, बीमा कम्पनीहरुलाई दिइएका निर्देशन बमोजिम कार्य गर्न संस्थागत सुशासन अपरिहार्य भएकोले संस्थागत सुशासन कायम गर्नका लागि यस कम्पनीले एकजना चार्टर्ड एकाउन्टेन्टलाई कर्मचारीको रुपमा आन्तरिक लेखापरिक्षक नियुक्त गरि आन्तरिक लेखापरिक्षण विभाग खडा गरेको छ । संस्थागत सुशासन नै कुनै पनि कम्पनीको मेरुदण्ड हो भन्ने कुरालाई ध्यानमा राखी कम्पनीले कार्य संचालन गर्न विभिन्न नीति तथा विनियमहरु तयार गरि लागू गरेको छ र सोको कार्यान्वयन गर्न व्यवस्थापन क्रियाशिल छ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष र कार्यकारी प्रमुखको उद्घोषण:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई ससूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

८. नियम २२ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धि विवरण: यस्ता प्रकृतिका घटना तथा परिस्थितीहरु नभएका ।

प्राइम लाइफ इन्स्योरेन्स कं. लि.

पो.ब.नं.: २५९७९ हात्तीसार, काठमाडौं, नेपाल, फोनः ४४४१७७८, ४४४१६६४,४४४१४१४,
फ्याक्सः ४४४१४३६, इमेलः info@primelifenepal.com